# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
विराटचौक, मोरङ
**Biratchowk, Morang**
१ नं प्रदेश, नेपाल
**Province No. 1, Nepal**


## सुन्दरहरैंचा नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाईरस (Covid-19) को संक्रमण पछिल्लो समयमा समुदायस्तरमा फैलिदै गएको व्यहोरा विधितै छ । हाम्रा छिमेकी पालिकाहरुमा समेत संक्रमण समूदाय स्तर सम्म फैलिसकेको अवस्थामा सुन्दरहरैचा नगरपालिकालाई सक्रमणको जोखिमबाट बचाउन मिति २०७७ श्रावण २० गते बसेको यस नगरपालिकाको ५३ औं कार्यपालिका बैठक तथा मिति २०७७ श्रावण २१ गते बसेको सर्वदलीय/सर्वपक्षीय बैठकले सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र मिति २०७७ श्रावण २२ गते रात्री १२ बजे देखी २०७७ श्रावण ३२ गते सम्म तपशिल बमोजिम हुने गरी लकडाउन (बन्दाबन्दी) गर्ने निर्णय गरिएको हुदाँ सो निर्णयको कार्यान्वयन गर्न/गराउनु हुन सम्पूर्ण महानुभावहरुलाई आदेशानुसार अनुरोध छ ।

- सुन्दरहरैंचा नगरकार्यपालिकाको कार्यालय र सो अर्न्तगत रहेका वडा कार्यालयहरुको दैनिक प्रशासनिक सेवा समेत बन्द रहने । स्वास्थ्य शाखा, भेटनरी शाखा तथा अत्यावश्यक सेवा प्रवाह सुचारु रहने ।
- सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र लाग्ने साप्ताहिक हाटबजार अर्को निर्णय नभएसम्मका लागि पूर्ण रुपमा बन्द गर्ने ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका सरकारी कार्यालय, बैंक, वित्तीय संस्था, सहकारी संस्था, तथा गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा प्रवाह बन्द गर्न/गराउनु हुन ।
- खाधान्न पसल, दुधडेरी, औषधिजन्य पसल, अस्पताल, पानि उद्योग बाहेकका व्यापार, व्यवसाय बन्द रहने ।
- दिर्घ रोगी, जेष्ठ नागरिक र १२ वर्ष मुनिका बालबालिकालाई घरबाहिर ननिस्कन अनुरोध गर्ने । अत्यावश्यक कामका लागि घर बाहिर निस्किदा अनिवार्य माक्सको प्रयोग गर्ने । माक्स नलगाएको भेटिएमा संक्रामक रोग ऐन बमोजिम रु १००।- जरिवाना वा १ महिना कैद सजाय हुन सक्ने ।
- सार्वजनिक यातायातका साधनहरु पूर्ण रुपमा बन्द रहने ।
- व्यायमशाला, फुटसल, पार्लर/शैलुन, होटल, रेष्टुरेन्ट, रिसोर्ट, लज, कर्बडहल, मिटिङ, बैठक, सभा, समारोह, स्कुल, क्याम्पस, परिक्षा, पार्टी प्यालेस, स्वीमिङ पुल, पिकनिक स्पोर्ट पूर्ण रुपमा बन्द रहने।

२०७७।४।२१

ध्रुवकुमार भण्डारी
(नि. प्रमुख प्रशासकीय अधिकृत)

मिति : २०७७ श्रावण २१ गते बुधबार ।